# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना!

## सूचना प्रकाशित मिति: २०८२।१२।२२

महिला, बालबालिबा तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न संशोधन विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुका कारण र संशोधनले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा संशोधन मस्यौदा उपर यसैसाथ संलग्न ढाँचामा सात दिनभित्र nccht.nepal@gmail.com मा आफ्नो राय प्रतिकृया उपलब्ध गराईदिनु हुन सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण समक्ष अनुरोध छ।

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा(२) बमोजिम
## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक
### तर्जुमा गर्नुका कारण र त्यसले पार्ने प्रभाव

(क) कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण:

- संगठित अपराधको रूपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्न,
- बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितत्ता गर्न,
- स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका ब्यक्तिलाई कानूनको दायरामा ल्याउन तथा दण्ड सजायको दायरालाई फराकिलो बनाउन,
- संघीय संरचना बमोजिम तीनै तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संयन्त्र निर्माण गर्न,
- पीडित तथा प्रभावितको उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई कानूनी रूपमा स्पष्ट गर्न,
- बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत मानव बेचबिखन , विषेश गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम , दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (Palermo Protocol) मा भएका प्रावधानलाई ऐनमा समेट्न।

(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव:

- नेपालको संविधानको धारा २९ ले व्यवस्था गरेको संवैधानिक हकको सुनिश्चित हुने,
- महिला र बालबालिकाले नेपालको संविधानको धारा ३८ को उपधारा (३) र धारा ३९ को उपधारा (५) र (६) बमोजिमको हक प्राप्त गर्न सक्ने,
- जोखिममा रहेका र पीडित तथा प्रभावितहरूले सहज रूपमा उद्धार तथा पुनर्स्थापनाको सेवा प्राप्त गर्न सक्ने।

(ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव:

- हाल कार्यान्वयनमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन विधेयकबाट नेपाल सरकारलाई थप कुनै आर्थिक दायित्व नपर्ने।

(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग:

- दिगो विकास लक्ष्य नं. ५ को महिला र बालिकामाथि हुने सबै प्रकारका हिंसा (जस्तैः यौन हिंसा, मानव बेचबिखन) अन्त्य गर्न सहयोग पुग्ने छ। लक्ष्य ८ को मर्यादित काम स्थापित गरी श्रम शोषण अन्त्य गर्न सहयोग पुग्ने। लक्ष्य १० को असमानता न्यूनीकरणले कमजोर, गरिब, सीमान्तकृत समुदायलाई मानव बेचबिखनबाट जोगाउ न सहयोग पुग्ने छ। त्यस्तै लक्ष्य १६ अनुसार अपराधीलाई कानुनी दायरामा ल्याउन, पीडितलाई न्याय दिलाउन, क्षतिपूर्ति दिन र पुनर्स्थापना गर्न साथै कानूनी शासनलाई बलियो बनाउन सहयोग पुग्ने छ।

(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रबर्द्धनमा पर्ने प्रभाव:

- मानव बेचबिखन तथा ओसारपसार मानवता विरूद्धको अपराध भएकोले यसको रोकथामका लागि कानूनी रूपमा नै व्यवस्था गरी मानव अधिकारको संरक्षण र यस अपराधलाई नियन्त्रण गर्न सरोकारवाला निकाय बढी संवेदनशील र जिम्मेवारी सहित थप सक्रीय हुनु पर्ने हुँदा सुशासन प्रबर्द्धनमा सकारात्मक प्रभाव पर्नेछ।

(च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग:

- जलवायु परिवर्तनका कारण हुने विपद्बाट विस्थापित गरीब र सीमान्तकृत समुदाय का मानिसहरूलाई शोषण तथा मानव बेचबिखन हुनबाट जोगाउन सहयोग पुग्ने,
- जलवायु प्रभावका कारण रोजगारीका लागि स्थानान्तरण भएका मानिसहरूको अवैध ओसारपसार नियन्त्रण गर्न सहयोग पुग्ने।

(छ) अन्य आवश्यक विषय:

- यस विधेयकमा विषेश गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति सहित तीन वटै तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको व्यवस्था गरिएको छ।
- जरिवाना र दण्ड सजाय समय सापेक्ष बनाउन प्रस्ताव गरिएको छ।

**(मस्यौदा)**

## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १ मा संशोधनः** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यसऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्ति वा नेपाल बाहिर बसी जुनसुकै व्यक्ति विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकको हकमा समेत लागू हुनेछ।"

३. **मूल ऐनको दफा २ मा संशोधनः** मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन्:-

"(ख१) "कोष" भन्नाले दफा १४ बमोजिमको पुनर्स्थापना कोष सम्झनु पर्छ।

(ख२) "जिल्ला समिति" भन्नाले दफा २३ख. बमोजिमको जिल्ला समिति सम्झनु पर्छ।

(ख३) "प्रदेश समिति" भन्नाले दफा २३क. बमोजिमको प्रदेश समिति सम्झनु पर्छ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने, वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानव शरीरको अङ्ग झिक्ने वा जबरजस्ती श्रम वा सेवामा लगाउने कार्य सम्झनु पर्छ।"

(३) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "स्थानीय समिति" भन्नाले दफा २३ग. बमोजिमको स्थानीय समिति सम्झनु पर्छ।"

४. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को उपदफा (२) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने,"

(२) खण्ड (ख) मा रहेका "कुनै स्थानमा राख्ने" भन्ने शब्दहरू पछि" वा भर्ना गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर शोषण गर्ने उद्देश्यले बालबालिकालाई निज बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने, आफूसँग राख्ने, आफ्नो नियन्त्रणमा लिने, भर्ना गर्ने, कुनै स्थानमा राख्ने, नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा

लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा यस खण्डमा उल्लिखित कुनै माध्यमको प्रयोग भएको रहेनछ भने पनि ओसारपसार गरेको मानिनेछ।"

५. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिको नाम, थर, वतन तथा पहिचान खुल्ने अन्य विवरण उजुर दर्ता गर्ने प्रहरी कार्यालयले गोप्य राख्नु पर्नेछ।"

६. **मूल ऐनमा दफा ८क. थपः** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. **सम्पत्ति वा राहदानी रोक्का राख्न सक्नेः** (१) मानव बेचबिखन वा ओसारपसार सम्बन्धी कसूरको आरोप लागेको व्यक्ति पक्राउ नपरी फरार रहेमा त्यस्तो व्यक्तिको हकको सम्पत्ति वा निजको राहदानी रोक्का राख्नको लागि अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत् अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले फरार रहेको व्यक्तिको सम्पत्ति वा राहदानी रोक्का राख्ने आदेश दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम फरार रहेको व्यक्ति पक्राउ परेमा त्यस्तो व्यक्तिलाई अन्य कारणबाट निजको सम्पत्ति वा राहदानी रोक्का राखिराख्नु पर्ने अवस्था नभएमा अदालतले रोक्का राखिएको सम्पत्ति वा राहदानी फुकुवा गर्नेछ।"

७. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११.**दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेः** (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडित, आरोपित व्यक्ति वा मुद्दाको साक्षीले नबुझ्नेम भएमा निजले त्यस्तो दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्नष सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै पीडित, आरोपित व्यक्ति वा मुद्दाका साक्षीले त्यस्तो दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्नक नसक्ने अवस्थामा नेपाल सरकारका तर्फबाट त्यस्तो सुविधा उपलब्ध हुनेछ।

(३) दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

८. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यः** (१) कुनै व्यक्ति नेपालभित्र मानव बेचबिखन वा ओसारपसारमा परेको सूचना प्राप्त भएमा जिल्ला समितिले प्रदेश समिति र स्थानीय समितिको सहयोग तथा समन्वयमा त्यस्तो व्यक्तिको तत्काल उद्धार गरी निजको पुनर्स्थापनाको लागि राष्ट्रिय समितिसँग समन्वय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्धार गरिएको व्यक्ति विदेशी नागरिक रहेछ भने त्यस्तो व्यक्तिको व्यवस्थापनको लागि जिल्ला समितिले राष्ट्रिय समितिलाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा राष्ट्रिय समितिले उद्धार गरेको व्यक्ति नेपालमा प्रवेश गर्दाको बखत जुन मुलुकको नागरिक रहेको थियो सोही

मुलुक वा जुन मुलुकमा त्यस्तो व्यक्तिको स्थायी बसोबासको अधिकार रहेको थियो सोही मुलुकमा निजलाई फिर्ता पठाउनको लागि नेपाल सरकारमा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम फिर्ता पठाउन सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले सम्बन्धित मुलुकसँग कूटनीतिक माध्यमबाट समन्वय गरी फिर्ता पठाउनेछ।

(५) कुनै नेपाली नागरिक विदेशमा मानव बेचबिखन वा ओसारपसारमा परेको जानकारी प्राप्त भएमा राष्ट्रिय समितिले त्यस्तो नेपाली नागरिकको तत्काल उद्धार गर्ने व्यवस्था गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम नेपाली नागरिकको उद्धार गर्दा लाग्ने रकम पुनर्स्थापना कोषबाट बेहोरिनेछ।

(७) पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) पीडितको उद्धार गर्न तथा दफा १३ को उपदफा (१) वा १(क)बमोजिम स्थापना भएको वा १(ख) बमोजिम हस्तान्तरण भएको पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग गर्नको लागि एक पुनर्स्थापना कोष रहनेछ।

(२) उपदफा (२) को खण्ड (ग) झिकिएको छ।"

१०. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "दुई लाख रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच लाख रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा " एक लाख रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) किन्ने, बेच्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कसैलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(१) बालबालिकालाई विदेश लैजानेलाई पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र बालबालिका बाहेक अन्य व्यक्तिलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र दुई लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना,

(२) बालबालिकालाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्षदेखि बाह्र वर्षसम्म कैद र दुई लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना र बालबालिका बाहेक अन्य व्यक्तिलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना।"

(घ) खण्ड (च) झिकिएको छ।

(ङ) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) खण्ड (ङ) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,"

(च) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) दफा २५ विपरीत पीडितको वास्तविक नाम, तस्बिर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

तर पीडित बालबालिकाको वास्तविक नाम, तस्बिर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

११. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"**१६. सजाय नहुनेः** (१) आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिव आधार भई निजले कुनै स्थानबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानव बेचबिखन वा ओसारपसारमा परी नेपाल प्रवेश गर्ने व्यक्तिलाई गैरकानूनी रूपमा बिना अनुमति नेपालमा प्रवेश गरेको आधारमा मात्र कुनै सजाय गरिने छैन।"

१२. **मूल ऐनको दफा १७ मा संशोधन**मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छः-

"(१ख) उपदफा (१क) बमोजिम आदेश गर्दा पीडितले भोगेको शारीरिक , मानसिक र सामाजिक क्षति तथा बालबालिका पीडित भएकोमा त्यस्तो बालबालिकाको उच्चतम हित मूल्याङ्कन गरी क्षतिपूर्ति भराइदिने आदेश गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "नाबालक छोरा छोरीलाई र त्यस्ता छोरा छोरी नभए निजमा आश्रित बाबु आमालाई" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिमको नजिकको हकवालालाई" भन्ने शब्दहरु राखिएका छन्।

१३. **मूल ऐनमा दफा २०क. थप:** मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. **विवरण गोप्य राख्नु पर्ने:** (१) केन्द्रको संरक्षणमा रहने पीडितको नाम, थर, वतन तथा निजको पहिचान खुल्ने अन्य विवरण र सो सम्बन्धी अभिलेख समेत केन्द्रले गोप्य राख्नु पर्नेछ।

(२) मानव बेचबिखन वा ओसारपसारको मुद्दाको अभियुक्तको पहिचान खुलाउँदा पीडितको पहिचान समेत खुल्न जाने अवस्था भएमा त्यस्तो अभियुक्तको विवरण समेत गोप्य राख्नु पर्नेछ।

१४. **"मूल ऐनमा दफा २३ मा संशोधन:** मूल ऐनको दफा २३ को उपदफा (१) मा रहेका "र आवश्यकता अनुसार जिल्ला समिति" भन्ने शब्दहरू झिकिएका छन्।

१५. **मूल ऐनमा दफा २३क. २३ख. र २३ग. थप:** मूल ऐनको दफा २३ पछि देहायका दफा २३क. २३ख. र २३ग. थपिएका छन्:-

"२३क. **प्रदेश समितिः** (१) ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा प्रदेशस्तरको सरकारी निकाय तथा गैरसरकारी संस्था बीच समन्वय गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विरुद्धको प्रदेश समिति गठन गर्न सक्नेछ।

(२) प्रदेश समितिको गठन, बैठक तथा काम कारबाही सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

२३ख. **जिल्ला समितिः** ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा जिल्लास्तरको सरकारी निकाय, स्थानीय समिति तथा गैरसरकारी संस्थाबीच समन्वय तथा सहजीकरण गर्न तोकिए बमोजिम जिल्ला समिति गठन गरिनेछ।

२३ग. **स्थानीय समितिः** (१) ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा स्थानीय तहभित्रका सरकारी निकाय तथा गैरसरकारी संस्था बीच समन्वय गर्नको लागि स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विरुद्धको स्थानीय समिति गठन गर्न सक्नेछ।

(२) स्थानीय समितिको गठन, बैठक तथा काम कारबाही सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।"

१६. **मूल ऐनको दफा २५ मा संशोधन:** मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः-

"२५. **प्रचार प्रसार गर्न नहुने:** (१) कसैले पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न, अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न वा सार्वजनिक रूपमा प्रकट गर्न हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले दिएको स्वीकृतिलाई स्वीकृति मानिने छैन।

(३) उपदफा (१) मा भएको व्यवस्था विपरीत कुनै विवरण प्रकट गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ। ”

१७. **मूल ऐनमा दफा २७क. थप**: मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

“**२७क. निगरानीको व्यवस्था गर्ने:** (१) नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सिमाना र अन्तर्राष्ट्रिय विमानस्थलमा निगरानीको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम निगरानी गर्दा मानव बेचबिखन वा ओसारपसारको कसूर भएको वा हुन लागेको शङ्का लागेमा निगरानी गर्न खटिएको अधिकारीले सोको सूचना त्यस्तो कसूरको अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारी वा नजिकको प्रहरी कार्यालयमा तुरुन्त दिनु पर्नेछ।"

१८. **मूल ऐनमा दफा २९क. थप**: मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"**२९क. कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने:** यो ऐन कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेबो नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि , निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

१९. **रूपान्तरः** मूल ऐनको ठाउँ ठाउँमा रहेका “पुनर्स्थापन कोष” भन्ने शब्दहरूको सट्टा “पुनर्स्थापना कोष” भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

**विधेयकमा राय सुझाव दिने सम्बन्धी ढाँचा**

१. सुझाव दिने व्यक्ति/संस्थाको नाम:

२. सम्पर्क नम्बर र ईमेल ठेगाना:

३. विधेयकको नाम:

४. सुझाव:

(क)सम्बन्धित दफा/उपदफा

(ख)सुझाव र सो को कारण